# महेन्द्रनारायण निधि विपन्न आवास योजना, कार्यान्वयन कार्यविधि, २०७८

प्रस्तावनाः प्रदेश नं. २ भित्रका असहाय र विपन्न एकल महिला, कुनै पनि जात वा वर्गको आर्थिक रुपले अति विपन्न व्यक्ति वा परिवार, दलित, लोपोन्मुख, सिमान्तकृत जाति, अनाथ बालबालिका, अशक्त बृद्ध बृद्धा मानिस, आगलागी तथा प्राकृतिक प्रकोपबाट घरबार विहीन भएकालाई आवासको व्यवस्था गर्न र सो सम्बन्धमा व्यवस्था भएको बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश २ नं. को सरकारले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम **"महेन्द्रनारायण निधि विपन्न आवास योजना, कार्यान्वयन कार्यविधि,२०७८"** रहेको छ।

(२) यो कार्यविधि प्रदेश नं. २ मा तुरुन्त लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"आवास"** भन्नाले मन्त्रालयबाट स्विकृत डिजाईन अनुसारका आवास ढाँचा सम्झनु पर्छ।

(ख) **"मन्त्रालय"** भन्नाले प्रदेश नं २ सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(ग) **"लक्षितवर्ग"** भन्नाले यो कार्यविधि लागू हुनु अघिदेखि कार्यक्रम लागू हुने स्थानमा स्थायी रुपमा बसोबास गर्दै आएका असहाय र विपन्न एकल महिला, कुनै पनि जात वा वर्गका आर्थिक रुपले अति विपन्न व्यक्ति वा परिवार, दलित, लोपोन्मुख, सिमान्तकृत जाति, अनाथ बालबालिका, अशक्त बृद्ध बृद्धा र आगलागी तथा प्राकृतिक प्रकोपबाट घरवार विहिन भएका लगायत प्रदेश सरकारले समय समयमा तोकेको अन्य जुन सुकै समुदायका मानिसहरु समेतलाई सम्झनु पर्छ।

(घ) **"प्रदेश"** भन्नाले संविधानको अनुसूची – ४ को क्र.स. २ को प्रदेश नम्बर दुईलाई सम्झनु पर्छ।

(ङ) **"कार्यालय"** भन्नाले मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन कार्यालयलाई सम्झनु पर्छ।

(च) **"लाभग्राही"** भन्नाले दफा ४ बमोजिम छनौट भएका लाभग्राही वा घरधनीलाई सम्झनु पर्छ।

(छ) **"स्थानीय तह"** भन्नाले महानगरपालिका, उप महानगरपालिका, नगरपालिका र गाँउपालिका समेतलाई सम्झनु पर्छ।

प्रदेश सरकार

(ज) **"बैंक खाता"** भन्नाले नेपाल राष्ट्र बैंकबाट अनुमती प्राप्त क वर्गको वाणिज्य बैकमा खोलिएको खातालाई सम्झनु पर्छ।

(झ) **"जिल्ला स्तरिय समिति"** भन्नाले यस कार्यविधि को दफा १५ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ।

## परिच्छेद - २

## लक्षित वर्गको पहिचान र योजना कार्यान्वयन स्थल

३. **लक्षित वर्गको पहिचान**: लक्षित वर्गहरुको पहिचान देहायबमोजिम गरिनेछ:-

(क) एकल महिला भएको व्यहोरा खुल्ने कुनै सरकारी कागजातपत्र,

(ख) आर्थिक अवस्था कमजोर भएको स्थानीय तहको सिफारिस सहितको कागजात,

(ग) स्थायी रुपमा बसोबास गर्दै आएको घर फुस, माटो को संरचना भएको, बस्न योग्य घर नभएको र आफैले घर बनाउन सक्ने हैसियत नभएको,

(घ) यो योजना लागु हुनु भन्दा कम्तिमा पाँच वर्ष अघि देखि स्थायी रुपमा बसोबास गर्दै आएको प्रमाण,

(ङ) स्थानीय तहमा आफू बसोबास गरिरहेको, जग्गाधनी/लालपुर्जा वा जग्गाको तिरो तिर्दै आएको कागजात वा सो जग्गामा भोगचलन गर्दै आएको कुनै प्रमाण वा बिजुली उपभोग गरेको भए सो को प्रमाण तथा स्थानीय तहको सिफारिस पत्र,

(च) आगलागी तथा प्राकृतिक प्रकोपबाट घरबार विहिन भएको बेहोरा खुल्ने स्थानीय तहको सिफारिस पत्र,

४. **लाभग्राही छनौटका आधारहरु**: (१) प्रदेश भित्रका असहाय र विपन्न एकल महिला, कुनै पनि जात वा वर्गको आर्थिक रुपले अति विपन्न व्यक्ति वा परिवार, दलित, लोपोन्मुख, सिमान्तकृत जाति, अनाथ बालबालिका, अशक्त बृद्ध बृद्धा र आगलागी तथा प्राकृतिक प्रकोपबाट घरबार विहिन भएका मानिसलाई पहिलो प्राथमिकता दिइनेछ।

(२) उपदफा (१) बमोजिमको लक्षित वर्गको नाउँमा जग्गाको स्वामित्व नभएका तर स्थानीय रुपमा वर्षो देखि बसोवास गरिरहेका र अन्यत्र घर जग्गा पनि नभएका परिवारको हकमा प्रदेश सरकारले स्थानीय सरकार लगायत अन्य सरकारी गैर सरकारी निकायसँग जग्गाको बन्दोबस्त गरी/गराई यसै अनुसुचिको आधारमा प्राथमिकता क्रममा राखी नमुना एकीकृत बस्ति विकास कार्यक्रम संचालन गर्नेछ।

प्रदेश सरकार
भूमि व्यवस्था तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. २

(३) उपदफा (१) र (२) बमोजिम घरमूलीले हाल प्रयोग गर्दै गरेका घरको क्षेत्रफल, भुई, गारो, छानाको किसिम तथा जग्गाको क्षेत्रफलका आधारमा अनुसूची-१ बमोजिम अङ्कं दिने र सोही अनुसूचीको क्रम संख्या ४ र ५ मा अङ्क प्राप्त नगर्नेले छनौटको लागि योग्य हुनेछैन।

(४) उपदफा (३) बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने देखि न्यूनतम ३५ अङ्क प्राप्त गर्ने सम्मलाई क्रमसंगै छनौटमा प्राथमिकता दिदै जानेछ।

(५) उपदफा (२) बमोजिम छनौट गर्दा लक्षित वर्गको जनसंख्याको आधारमा प्रदेशका सबै निर्वाचन क्षेत्रमा सन्तुलित प्रतिनिधित्व हुने गरी गरिनेछ।

(६) घरमुलीलाई छनौट गर्दा दफा १५ बमोजिम जिल्ला स्तरीय समितिले गरे बमोजिम हुनेछ।

५. **योजना कार्यान्वयन स्थल**: (१) प्रदेश भित्र बसोवास गर्दै आइरहेका घर परिवार भएका स्थान वा बस्तीहरूमा एकल वा एकिकृत आवास योजना संचालन गरिनेछ।

(२) यो कार्यक्रम कार्यान्वयन स्थल पहिचान गर्दा लक्षित वर्गहरूको घरहरू भएको ठाउँमा पर्याप्त जग्गा भएमा यथास्थानमा पुनःर्निमाण गरिनेछ र पर्याप्त जग्गा नभएमा निजको निजि जग्गा वा स्थानीय निकायले सिफारिश गरेको स्थानमा आवास निर्माण गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम प्राकृतिक प्रकोपको जोखिम रहेको, नदी क्षेत्र, वन सीमा क्षेत्र तथा विवादित स्थानमा रहेकाहरुको हकमा यो व्यवस्था लागू हुने छैन।

## परिच्छेद - ३

## आर्थिक स्रोतको परिचालन

६. **आर्थिक श्रोतको परिचालन**: (१) कार्यालय र लाभग्राहीबीच अनुसूची-२ वा निर्माण समिति बिच अनुसूची-३ को ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) पश्चात भवन कार्यालयले आवास योजना अन्तरगत लक्षित वर्गलाई तीन किस्तामा रकम उपलब्ध गराउनु पर्नेछ।

(३) कार्यालयले सिफारिस गरेको बैंकमा निर्माण समितिको संयोजक वा सोझै रकम प्राप्त गर्ने लाभग्राही र सम्बन्धित कार्यालय ले तोकेको कर्मचारीको संयुक्त हस्ताक्षरबाट बैंक खाता संचालन हुनेछ।

तर आर्थिक अनियमिता गरेको देखिन आएमा कार्यालय जावफदेहिता हुनुपर्नेछ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(४) उपदफा (२) बमोजिमको आवास निर्माणको डिजाईन र इष्टिमेट स्वीकृत भई घरको जग खन्ने कार्य पुरा भए पश्चात लाभग्राहि वा निर्माण समितिको बैंक खातामा पहिलो किस्ता वापत कुल लागतको पैतिस प्रतिशत रकम जम्मा गरिनेछ।

(५) उपदफा (४) बमोजिम कार्यालयले योजना कार्यान्वयनको क्रममा आवास निर्माण कार्यको प्रगति संतोषजन्क भएका आधारमा लाभग्राही वा निर्माण समितिलाई दोस्रो किस्ताको लागि सम्बन्धित कार्मचारीबाट सिफारिस गरिनेछ।

(६) उपदफा (५) पश्चात निर्माण काममा चित्त वुझ्दो तवरले घरको **सिल (झयाल भन्दा तल्लो भाग)** को काम सम्पन्न गरेपछि कार्यालयबाट खटिने प्राविधिक कर्माचारीले सिफारिस गरेपछि, कार्यालयले दोस्रो किस्ता वापतको पचाँस प्रतिशत रकम लाभग्राहि वा निर्माण समितिको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ।

(७) लाभग्राहिको घर पूर्ण रुपमा निर्माण पुरा भए पश्चात कार्यालयबाट खटिने प्राविधिक कर्माचारीले निर्माण सम्पन्न भएको सिफारिस साथ पेस गर्नुपर्नेछ। कार्यालयले निर्माण सामग्री दिए वापत र लाभग्राहिको श्रम सहभागिता वापत हुन आउने रकम कट्टा गरी बाँकी हुन आएको रकम तेस्रो किस्ता वापतको रुपमा लाभग्राहि वा निर्माण समितिको बैंक खातामा जम्मा गरि दिनुपर्नेछ।

(८) लाभग्राहिको आवास निर्माण पुरा नभई प्राविधिक कर्माचारीले वदनियत पुर्वक निर्माण सम्पन्न भएको झुठा विवरण सहितको व्यहोरा उल्लेख गरी सिफारिस गरेको पाईएमा प्रचालित कानून बमोजिम सम्बन्धित प्राविधिक कर्मचारी माथी कार्यवाही हुनेछ।

(९) आवास कार्यक्रमसँग सम्वन्धीत यस कार्यविधि अनुसारको निर्माण कार्य तथा खर्च सम्बन्धी सम्पूर्ण फाँटवारी राख्ने र लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालयको हुनेछ।

(१०) निर्माण समिति गठनमा विवाद भएमा वा निर्माण समितिले काम गर्न असमर्थता जनाएमा जिल्ला समन्वय समितिको निर्णय भएमा ठेक्काबाट पनि गराउन सकिने छ।

(११) सम्झौता भएको मिति देखि छ महिना भित्रमा अनिवार्य रुपले निर्माण कार्य सम्पन्न गर्नु/गराउनु पर्ने दायित्व निर्माण समिति, लाभग्राहि र कार्यालयको हुने छ।

७. **निर्माण सम्पन्न भएको मानिने**: सम्बन्धित प्राविधिकले सम्झौता बमोजिमको कार्य सम्पन्न भएको प्रमाणित गरेमा निर्माण कार्य सम्पन्न भएको मानिने छ।

८. **लागत सहभागिता र व्यवस्थापन**: (१) लाभग्राहीले कुल लागत अनुमानको दश प्रतिशत सहभागिता वापत व्यहोर्नु पर्नेछ।

**स्पस्टीकरणः** "सहभागिता" भन्नाले श्रमदान वा नगद वा निर्माण सामाग्री मध्ये जुनसुकै पनि सम्झनु पर्छ।

(२) उपदफा (१) मा उल्लेखित लाभग्राहीको लागत कट्टा गरी बाँकी रहने रकम सोही बस्ती भित्रको बाटो, खानेपानी, शौचालय जस्ता कार्यमा निर्माण समितिले खर्च गर्न सक्नेछ ।

९. **निर्माण सामग्री खरिद गर्न सक्ने**: (१) आवास निर्माणको लागि आवश्यक पर्ने सिमेन्ट, ईटा, बालुवा, जस्तापाता, हुक, कब्जा, जस्ता निर्माण सामाग्रीहरू निर्माण समितिले आफैले गुणस्तरलाई ध्यानमा राखि खरिद गर्नु पर्नेछ ।

(२) आवास निर्माणको लागि वैकल्पिक निर्माण सामाग्री तथा भूकम्प प्रतिरोधी प्रविधिको प्रयोग गरी आवास निर्माण गर्नु पर्नेछ ।

(३) निर्माण सामाग्री परिवर्तन गर्दा थप रकम आवश्यक हुने भएमा सम्बन्धित घरधनीले नै व्यहोर्नु पर्नेछ ।

(४) जस्तापाता तथा फलामका सामाग्रीहरु निर्माण समिति वा लाभग्राहिको लिखित अनुरोधमा कार्यालयले एकमुष्ट खरिद गरि निर्माण स्थल सम्म पुर्याउने व्यवस्था गर्न सक्ने छ ।

तर निर्माण सामग्री परिवर्तन गरेको कारणले कम रकम लाग्ने भएमा सोही अनुसार मुल्याङ्कन गरी भुक्तानी गरिनेछ ।

१०. **मन्त्रालयको भूमिका**:(१) आवास योजना कार्यक्रम संचालनको सम्पूर्ण जिम्मेवारी मन्त्रालय अन्तर्गत रहेको भवन आवास तथा शहरी विकास महाशाखाको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको महाशाखाको काम कर्तव्य तथा दायित्व देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकार तथा योजना कार्यान्वयन गर्ने निकायहरु बीच समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ख) आवश्यकता अनुसार प्राविधिक तथा अन्य सहयोग प्रदान गर्ने,

(ग) आवास निर्माणको अनुगमन तथा मुल्याङ्कन गरी सुधारका लागि आवश्यक निर्देशन दिने,

(घ) आवास कार्यक्रमलाई अझ प्रभावकारी बनाउनको लागि भावि योजना सहितको प्रतिवेदन तयार गरी पेस गर्ने ।

## परिच्छेद ४

## समितिको गठन, काम, कर्तव्य र अधिकारः

११. **केन्द्रिय समन्वय र व्यवस्थापन समितिको गठन**: (१) आवास कार्यक्रम संचालन सम्बन्धी आवश्यक व्यवस्था गर्न प्रदेश स्तरमा एक केन्द्रिय समन्वय र व्यवस्थापन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहने छन्:-

| | |
|---|---|
| (क) मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय | अध्यक्ष |
| (ख) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| (ग) प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रीपरिष्दको कार्यालय | सदस्य |
| (घ) प्रतिनिधि, कानून न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय | सदस्य |
| (ङ) प्रतिनिधि, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (च) प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| (छ) प्रतिनिधि, उद्योग, पर्यटन तथा वन मन्त्रालय | सदस्य |
| (ज) प्रतिनिधि, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय | सदस्य |
| (झ) महाशाखा प्रमुख , आवास भवन तथा शहरी विकास महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(३) उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भए तापनि समितिले आवश्यक देखेमा विषय विज्ञ वा अन्य व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

१२. **केन्द्रिय समन्वय र व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीति तर्जुमा गर्ने,

(ख) कार्यक्रम संचालन तथा कार्यान्वयनको क्रममा, जिल्लास्तरीय समितिलाई आवश्यक निर्देशन दिने,

(ग) स्वीकृत आवासको नमूना डिजाईन तथा लागत अनुमान छलफल गरी अनुदान रकम तोक्ने,

(घ) जिल्ला समितिबाट आवास कार्यक्रम लागू हुने स्थानीय तह र छनौट सम्बन्धी जानकारी लिने,

(ङ) कार्यक्रमको प्रगति समीक्षा गर्ने, सम्बन्धित जिल्ला समिति बीच समन्वय गर्ने,

(च) आगामी आ.ब. को लागि योजना तर्जुमा तथा बजेटको लागि आवश्यक पहल गर्ने,

(छ) कार्यक्रम प्रभावकारी बनाउनको लागि आवश्यक प्रोत्साहन गर्ने,

(ज) कार्यक्रम कार्यान्वनको क्रममा आई परेका बाधा अड्चन फुकाउन निर्णय गर्ने,

(झ) एकल महिला, आर्थिक रुपमा विपन्न, जस्ता लाभग्राहीले व्यहोर्नु पर्ने सहभागिता वापतको रकम सम्बन्धमा जिल्ला समितिको सिफारिस औचित्यपूर्ण भए छुट दिनेछ,

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(ञ) छनौट भएका बस्तीमा आवश्यक पर्ने पूर्वाधारको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ट) प्रदेश भित्र लागू हुने आवासको लागि नमूना नक्सा स्वीकृत गर्ने।

१३. **केन्द्रिय समन्वय र व्यवस्थापन समितिको बैठक र निर्माण** : (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक बस्नु भन्दा कम्तिमा एक दिन अगाडि समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ।

१४. **दफा १३ अनुसारको समितिको उपसिमति गठन गर्न सक्ने** : (१) केन्द्रिय समन्वय र व्यवस्थापन समितिले आफूले गर्नु पर्ने कुनै काम गर्न गराउन आवश्यक भए अनुसार सम्बन्धित विशेषज्ञ व्यक्तिहरु समेत रहेको विभिन्न उपसमितिहरु गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार समितिले तोकिदिए बमोजिम हुनेछ।

१५. **जिल्ला स्तरीय समिति**: (१) आवास निर्माण कार्यक्रम संचालन गर्न प्रत्येक जिल्ला स्तरीय समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका संयोजक तथा सदस्यहरु रहने छन् :-

| | |
|---|---|
| (क) भौतिक पूर्वाधार विकास मन्त्रालयले तोकेको सम्बन्धित जिल्लाको प्रदेश सभा सदस्य | संयोजक |
| (ख) जिल्लाका सम्पूर्ण प्रदेश सभा सदस्य | सदस्य |
| (ग) प्रमुख वा प्रतिनिधि, जिल्ला नापी कार्यालय | सदस्य |
| (घ) प्रमुख वा प्रतिनिधि, जिल्ला मालपोत तथा भूमिसुधार कार्यालय | सदस्य |
| (ङ) जिल्ला प्रशासन कार्यालयले तोकेको अधिकृत स्तरको प्रतिनिधि | सदस्य |

(च) सम्बन्धित जिल्ला वा लक्षित वर्गहरु मध्ये बाट मन्त्रालयले तोकेका एक महिला र एक पुरुष गरि दुई जना — सदस्य

(छ) सम्बन्धित शहरी विकास तथा भवन कार्यालयका प्रमुख वा निजले तोकेको कर्मचारी — सदस्यसचिव

१६. **जिल्ला स्तरीय समितिको काम कर्तव्य र अधिकार**: (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) योजना समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ख) आवास योजना लागू हुने प्रदेश निर्वाचन क्षेत्र स्तरबाट दफा-४ को आधारमा लाभग्राहीको छनौट गर्ने,

(ग) आवास कार्यक्रम कार्यान्वयको लागि जिल्ला स्थित कार्यालयसंग समन्वय कायम गर्ने,

(घ) कार्यालयलाई आवास निर्माण सम्बन्धि आवश्यक सहयोग तथा निर्देशन दिने,

(ङ) प्रदेश भित्रका लक्षित वर्ग समेटी प्रदेश निर्वाचन क्षेत्र छनौट गरी सो को जानकारी निर्माण समितिमा पेस गर्ने,

(च) योजना संचालनको क्रममा देखा परेका समस्या समाधान तथा प्रगति अनुगमन गर्ने,

(छ) एकल महिला, आर्थिक विपन्न भएका घरधनिले व्यहोर्नु पर्ने लागत सहभागिता छुटका लागि मनासिव कारण तथा प्रमाण सहित योजना समितिलाई छुटका लागि सिफारिस गर्ने,

१७. **बैठक सम्बन्धी कार्यविधि**: (१) जिल्ला स्तरीय समितिको बैठक संचालन सम्वन्धी कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(२) समितिले आवश्यकता बमोजिम बैठकमा अन्य व्यक्ति तथा संस्थालाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक भत्ता प्रदेश सरकारबाट स्वीकृत "खर्च मापदण्डको निर्देशिका"बमोजिम हुनेछ।

१८. **निर्माण समिति:** पाँच देखि दश लाभग्राही परिवार भएको प्रत्येक बस्तीमा कम्तिमा दुईजना महिला प्रतिनिधि भएको देहाय बमोजिमको निर्माण समिति गठन हुनेछ:

(क) कार्यालय वा कार्यालयले जिल्ला स्तरमा स्थापना गरेको कार्यक्रम कार्यान्वयन एकाइ कार्यालयको कर्मचारीको रोहवरमा आवास एकाइ लाभग्राहीहरुको भेलाबाट छनौट भएको — संयोजक

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. २

(ख) कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइ कार्यालयको कर्मचारीको रोहवरमा आवास एकाइ लाभग्राहीहरुको भेलाबाट छनौट भएका बढीमा ५ जना सदस्य

(ग) कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइ कार्यालयबाट खटाईएको कर्मचारी सदस्य सचिव

(घ) १० (दश) लाभग्राही भन्दा कम संख्याको समूहमा ५ सदस्यीय समिति गठन गर्न सकिने छ।

१९. **निर्माण समितिको काम, कर्तव्य र अधिकार:** निर्माण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) केन्द्रीय समन्वय र व्यवस्थापन समिति एवं जिल्लास्तरीय समितिबाट प्राप्त निर्देशन अनुरुप निर्माण कार्य गर्ने गराउने।

(ख) आवश्यक निर्माण सामाग्री प्राप्त गर्ने।

(ग) पूर्वाधार र आवास निर्माण गर्ने विषयमा लक्षित परिवारसँग सहमति कायम गर्ने।

(घ) लक्षित परिवारलाइ निर्माण सामाग्री तथा सरकारी रकम उपलब्ध गराउने।

(ङ) निर्माण कार्यको गुणस्तर कायम गर्ने गराउने।

(च) लाभग्राहीले व्यहोर्ने सहभागिता अंशको योगदान जुटाउने।

(छ) अति बिपन्न, असहाय, असक्त तथा एकल महिला जस्ता घरधनीले व्यहोर्नु पर्ने लागत सहभागीता छुट दिन जिल्लास्तरीय समितिलाई सिफारिस गर्ने।

(ज) कार्यक्रम कार्यान्वयन इकाई कार्यालयको प्रत्यक्ष निर्देशनमा निर्माण कार्य व्यवस्थित ढंगले संचालन गर्ने।

(झ) आवश्यकता अनुसार उप समितिहरु गठन तथा अन्य संघ संस्थाहरुलाइ सहकार्य गराउन उत्प्रेरकको भूमिका निभाउने।

(ञ) स्वीकृत नक्सा बमोजिम भवन निर्माण गराउने तथा निर्माण भए नभएको बारे प्रत्येक किस्ता भुक्तानी गर्दा चेक जाँच गरि अनुदानको रकम दिने व्यवस्था गराउने।

२०. **कार्यालयले निर्वाह गर्नु पर्ने जिम्मेवारी**: शहरी विकास तथा भवन कार्यालयको काम, कर्तव्यहरू देहाय बमोजिम हुनेछः-

(क) स्थलगत अध्ययन गर्ने र उपलब्ध जग्गा अनुसार आवास निर्माण कार्य संचालन गर्ने,

(ख) सम्बन्धित स्थानीय तह हरुसँग सौहार्दपूर्ण वातावरणमा समन्वय गर्ने,

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. २

(ग) कार्यक्रमको अध्यावधिक कार्यको मेजरमेन्ट बुक राखी मूल्याङ्कन गरी भुक्तानीको लागि सिफारिस गर्ने,

(घ) कार्यक्रमको प्रगति प्रतिवेदन विवरण तयार गरी मन्त्रालय समक्ष पेस गर्ने,

(ङ) कार्यक्रम सम्बन्धी दिगो हितको बारेमा समुदायलाई वृहत जानकारी प्रदान गर्ने,

(च) आवासको लागि नाप, नक्सा, लागत अनुमान लगायत सम्बन्धित काम गर्ने,

(छ) लाभग्राहिलाई आवश्यक हुने किसिमको औचित्यपूर्ण तालिम दिने, अन्य,

(ज) आवास निर्माणको सम्पूर्ण दायित्व वहन गर्नुको साथै कामको गुणस्तरतालाई निगरानि गर्ने।

## परिच्छेद ५

## विविध

२१. **<u>म्याद थप गर्न सक्ने</u>:** (१) यो कार्यक्रम संचालन भए पश्चात तोकिएको अवधि भित्रमा आवास निर्माण कार्य सम्पन्न गर्न नसकेमा काबु भन्दा बाहिरको परिस्थितिमा म्याद थप गर्नेछ।

(२) उपदफा (१) मा जुन सुकै व्यवस्था भए तापनि निर्माणाधिन योजनाहरुको हकमा थप आर्थिक दायित्व सिर्जना नहुने गरी एक पल्टको लागि भवन कार्यालयले तीन महिनासम्म म्याद थप गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम म्याद थप गर्दा पनि निर्माण कार्य पूरा हुन नसकेको आधार/कारण पुष्टि भए मन्त्रालयले पुरा सम्झौता अवधिको आधा भन्दा बढी नहुने गरीम्याद थप गर्न सक्नेछ।

२२. **<u>बिक्रि गर्न नपाउने</u>:** लाभग्राहीले आवास निर्माण सम्पन्न भएको मितिले पाँच बर्ष सम्म उक्त आवास बेचविखन वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाउने छैन, कसैले यस दफा विपरितको कार्य गरे कानून बमोजिम कारवाहि हुनेछ।

२३. **<u>कारबाही हुने</u>:** यस कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुठ्ठा विवरण पेस गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

२४. **<u>फरफारक हुने</u>:** कुनै लाभग्राहीले कुनै कारणवश निर्माण कार्य बीचैमा छाडेमा निर्माण भएको कार्यको मूल्याङ्कन गरी आवास निर्माण सम्पन्न नभए पनि खर्च फरफारक गर्न सक्नेछ।

२५. **<u>सुविधा नपाउने</u>:** कुनै लाभग्राहीले प्रदेश सरकारको कुनै कार्यक्रमबाट आवास सम्बन्धी सुविधा वा सहुलियत लिएको भए यस योजनाको लागि योग्य हुने छैन।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

२६. **फेरबदल गर्न सक्ने**: लाभग्राहीले स्वीकृत नमूना आवास डिजाइनको क्षेत्रफलमा केही प्रतिशत कमवेसी गरी निर्माण गर्न सक्नेछ ।

तर कम क्षेत्रफलको लागि सोही अनुपातमा खर्च घटाई अनुदान रकम प्राप्त गर्न सक्नेछ ।

२७. **तालिमको व्यवस्था**: (१) प्रत्येक जिल्लामा आवश्यक संख्यामा स्वीकृत नमूना अनुसारको भूकम्प प्रतिरोधी आवास निर्माण प्रविधिसंग सम्बन्धि तालिम कार्यालयले प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तालिम संचालन गर्दा जिल्ला स्तरीय समितिसंग समन्वय गरी संचालन गर्नु पर्नेछ ।

२८. **संशोधन सम्बन्धि व्यवस्था**: यो आवास निर्माण योजनालाई समय अनुकूल परिमार्जन तथा संशोधन प्रदेश सरकारले गर्न सक्नेछ ।

२९. **प्रचलिन कानून बमोजिम हुने**: यस कार्यविधिमा लेखिएको हदसम्म यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

३०. **बोलपत्रको माध्यमवाट आवास निर्माण गर्न सकिने:** माथि जुनसुकै कुरा लेखिए तापनि दफा ४ को आधारमा लाभग्राहीहरु छनौट भइसकेपछि योजना समन्वय र व्यवस्थापन समितिले आवश्यक ठानि सहमति दिएमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार ठेक्का प्रकृयावाट आवास निर्माण गर्न सकिनेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

## अनुसूची - १

### (दफा ४ संग सम्वन्धित)

### लाभग्राही छनौटका आधार तथा प्राथमिताका मापदण्ड

| क्र.सं. | अङ्क दिईने विवरण | दिईने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रति परिवार वर्ग फिटमा | १०० देखि १५० - १०<br>१५१ देखि २०० सम्म -५<br>२०० भन्दा वढी – ० | |
| २ | हाल उपभोगमा रहेको जग्गाको क्षेत्रफल, प्रति परिवार वर्ग फिटमा | ३०० देखि ५००-१०<br>५०१ देखि १००० सम्म-५<br>१००० भन्दा वढी - ० | |
| ३ | घरभित्रको भुई | माटो - १०<br>ईंटा, ढुङ्गा आदि - ५<br>सिमेन्ट – ० | जम्मा फ्लोर एरियाको पचाँस प्रतिशत वा सो भन्दा बढि क्षेत्रफल भएकालाई अङ्क दिने। |
| ४ | घरको गारो | बाँस, चिरपट, कप्टेरो, आदि वा त्यसमा पराल/स्याउलाको टाटी -१०<br>नमिलेको दुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईंटामा माटोको जोर्नी - ५<br>मिलेको दुङ्गाको गारो तथा पाकेका ईंटामा माटो/सिमेन्टको जोर्नी –० | पचाँस प्रतिशतसम्ममा जे छ त्यसैलाई मान्ने |
| ५ | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि -१०<br>खपडा, टायल, टिन - ५<br>ढलान, कलर CGI सिट - ० | आसवेटस छाना स्वास्थ्यको लागि हानीकारक छ। |
| ६ | घरबस्तीमा साधारणतया १० घर रहेको वा नरहेको | भएको - १०<br>नभएको – ० | तर डोम, मुसहर, हलखोर, ढाँगर, मेस्तर, सीमान्तकृत तथा लोपोन्मुख जातीको घर जति संख्यामा भए पनि -१० |

प्रदेश सरकार

| | | | |
|---|---|---|---|
| ७ | जग्गाको स्वामित्व | जग्गा लालपूर्जा भएको वा गाउँब्लक (स्वामित्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस (स्वबासी र विवाद रहित) - १० | नदि, तालको किनारमा बसोवास गरिरहेका छनोटमा परेका लाभग्राहीहरु लाई स्थानीय तहले जग्गा उपलब्ध गराएदफा ४ बमोजिम व्यवस्था गरिनेछ। |
| ८ | खेती योग्य जग्गा | अन्यत्र जग्गा नभएको -१०<br>अन्यत्र जग्गा भएको –० | |
| ९ | घरमूलीको हकमा | एकल महिला,आर्थिक विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिकाभएका - १०<br>अन्य - ० | |

(क) कार्यालय र लाभग्राहीबीच सम्झौता गरी तोकिएको म्याद भित्रै आवास निर्माण कार्य सम्पन्न गर्नेछ।

(ख) प्राकृतिक रुपमा जोखिम रहेका, वन क्षेत्रमा परेका, र विवादित स्थानमा यो योजनालागुहुने छैन।

(ग) एका सगोलमा रहेका परिवारले एक मात्र आवास पाउने छन्।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

अनुसूची -२

(दफा ६ को उपदफा (१) संग सम्वन्धित)

प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं. २

**शहरी विकास तथा भवन कार्यालय र लाभग्राहीबीच गरिने**

सम्झौता पत्र

१. सम्झौता गर्ने प्रथम पक्ष: ..........................................र दोस्रो पक्ष (लाभग्राही)..................................,

२. कार्यक्रम स्थल: जिल्ला :...... गा.पा./न.पा.........................वडा नं.......गाउँ/ टोल.......................,

३. उद्देश्य:प्रदेश बासीलाई "सबैको बास सबैलाई आवास" मुल नारा साथ योजना संचालन हुनेछ।

४. सम्झौतापत्रको म्याद अवधि: मिति :२०...../...../......गते देखि मिति :२०...../....../..... गतेसम्म रहनेछ।

५. आवास निर्माणको अधिकतम सिमा..........नेपाली रुपैया साथै लाभग्राही सहभागिता बापत अंश समेत रहेकोछ।

६. कार्यक्रमको लागत:–

(क) कार्यक्रमले व्यहोर्ने रकम......................... (ख) लाभग्राहीले व्यहोर्ने रकम..................... (ग) कन्टिन्जेन्सी रकम

७. खर्च व्यहोर्ने श्रोत :देहाय बमोजिम रहेकोछ।

(क) कार्यक्रमबाट व्यहोरिने:नगद रु......(कन्टिन्जेन्सी बाहेक) र निर्माण सामाग्री:..... गरी जम्मा रु....।

(ख) लाभग्राहीले व्यहोरिने रकमः नगद.रु...निर्माण सामाग्री वापत रु....श्रम वापत रु....गरी जम्मा रु....।

(ग) एकल महिला, आर्थिक विपन्नले श्रम वा श्रम बराबर रकम व्यहोर्नुपर्ने छैन।

8. सम्झौताका शर्तहरु:-

(क) आवास निर्माण गर्दा नाप नक्सा, स्विकृत लागत अनुमान सहित गुणस्तरयुक्तकार्य कार्यालयले गर्नु पर्नेछ,

(ख) कार्यालयले कार्य प्रगतिको आधारमा घरधनी/भाग्राहीलाई भुक्तानी दिने क्षेत्रमा मात्र खर्च गर्नु पर्नेछ,

(ग) लाभग्राहिले भएको काम मूल्यांकन गरी विल, भर्पाई र खर्च गर्ने अन्य कागजातहरु प्रमाणित सहित भुक्तानीको लागि कार्यालयमा पेस गर्नु पर्नेछ।

(घ) कार्यालयले आवास निर्माण वापत भएको प्रत्येक किस्तामा भएका खर्चको विवरण सार्वजनिक गर्नु पर्नेछ।

(ङ) कार्यालय र लाभग्राहीबीच भएको सम्झौता बमोजिम आवास निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ।

(च) आवास निर्माण क्षेत्रमा रहेका संरचनाहरू भत्काउन सहमत छु, साथै त्यसमा लाग्ने खर्च व्यहोने छु।

9. सम्झौताका पक्षहरु

| कार्यालयको तर्फबाट:- | लाभग्राहीको तर्फबाट:- |
|---|---|
| नामः | घरधनीको नामः |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| छाप | |
| साक्षी: | साक्षी: |
| क)..................... | क).............. |

इति सम्बत् ............ साल........ महिना..... गते.... रोज ...... शुभ्म.............................................................।

अनुसूची –३

(दफा ६ को उपदफा (५) संग सम्बन्धित)

प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेशनं.२

कार्यालय वा कार्यालयको जिल्लास्तरीय कार्यक्रम कार्यान्वयन एकाई कार्यालय तथा निर्माण समिति बीच गरिने सम्झौतापत्र

१. सम्झौता गर्ने पक्षहरुः महेन्द्र नारायण निधी आवास कार्यक्रम कार्यान्वयन एकाइ र श्री.................... ..................निर्माण समिति ।

२. कार्यक्रमको नामः महेन्द्र नारायण निधी विपन्न आवास योजना कार्यक्रम अन्तर्गत आवास एकाइ निर्माण गर्ने ।

३. कार्यक्रम स्थलः जिल्ला............................ गा.पा./नगरपालिकाः.................................वडा नं.......टोल/गाँउ...........................

४. निर्माण गरिने कुल आवास इकाई

५. कार्यक्रमको लागतः (क) कार्यक्रमले व्यहोर्ने रकम.........................(ख) लाभग्राहीले व्यहोर्ने रकम....................... (ग) कन्टिजेन्सी रकम...............................

कार्यक्रमको प्रस्तावित कार्यान्वयन अवधिः

.(क) शुरु हुने मितिः२०..................(ख) पुरा हुने मिति २०................

६. खर्च व्यहोर्ने श्रोतः

(क) कार्यक्रमबाट व्यहोरिनेः

(१) नगद रुपैयाः.............................. (कन्टिजेन्सी बाहेक)

(२) निर्माण सामाग्रीः—

(ख) लाभग्राहीबाट व्यहोरिने रकमः

(१) नगद रु.................................

(२) निर्माण सामाग्री (मूल्यमा)...................

(३) श्रम (मूल्यमा)................................

(४) कुलः............................

(ग) बृद्ध, एकलमहिला, अनाथ बालबालिका, अपाङ्गता भएका घरमूली लाभग्राहीले श्रम वा श्रम बराबर रकम व्यहोर्नु नपर्ने ।

७. निर्माण समितिको नाम, ठेगाना............................................

निर्माण समितिको दर्ता नं. कार्यालयः–......................................

८.निर्माण समितिका पदाधिकारीहरुः

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. २

(क) संयोजक श्री

(ख) सदस्य श्री

(ग) सदस्य श्री

(घ) सदस्य श्री

(ङ) सदस्य श्री

(च) सदस्य श्री

(छ) सदस्य श्री

९. सम्झौताका शर्तहरु:

(क) निर्माण कार्य गराँउदा नाप नक्सा तथा स्विकृत लागत अनुमानको गुणस्तर अनुसार निर्माण समितिले गराउनेछ ।

(ख) निर्माण समितिले भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाई कार्यालयबाट प्राप्त रकम कार्य प्रगतिको आधारमा घरधनीलाई भुक्तानी दिने प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ ।

(ग) निर्माण समितिले हरेक किस्ताको कामको मूल्याङ्कन, विल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु समितिको बैठकबाट अनुमोदन गराई एकाई कार्यालय मार्फत शहरी विकास तथा भवन कार्यालयमा भुक्तानीको लागि पेस गर्नु पर्नेछ ।

(घ) निर्माण समितिले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरी भवन कार्यालयमा समेत पेस गर्नु पर्नेछ ।

(ङ) निर्माण समिति गठन हुन नसकेको अवस्थामा भवन कार्यालय र लाभग्राही बीच सम्झौता भई निर्माण कार्य सम्पन्न गरिनेछ ।

१०. भुक्तानीको ढाँचा:

(क) निर्माण समिति- सम्बन्धितको नाममा रहेको खातामा रकम तीन किस्तामा उपलब्ध गराइनेछ । आवास निर्माण सम्पन्न नभए सम्म खाता सञ्चालन निर्माण समितिको संयोजक /सम्बन्धित शहरी विकास तथा भवन कार्यालयले तोकेको कर्मचारीले गर्नेछ ।

(ख) स्वीकृत डिजाइन, लागत ईष्टिमेटमा निर्माण स्थलको आवश्यकता अनुसार परिमार्जन गरिए बमोजिम जग खन्ने कार्य सम्पन्न भएपछि सम्बन्धित लाभग्राहीको खातामा ३५% रकम उपलब्ध गराईनेछ ।

(ग) सिल (झ्यालको तल्लो भाग) को काम सम्पन्न भएपछि सम्बन्धितको खातामा थप ५०% रकम उपलब्ध गराईनेछ ।

(घ) पूरा कार्य सम्पन्न भएपछि बाँकी १५% सम्बन्धितको खातामा रकम उपलब्ध गराईनेछ ।

(ङ) भुक्तानी दिदा उपलब्ध गराईएका निर्माण सामाग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिईनेछ ।

११. सम्झौताका पक्षहरु:

निर्माण समितिको तर्फबाट:

कार्यालयको तर्फबाट

कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाई

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

संयोजकः
ठेगानाः
दस्तखतः
मितिः
साक्षीः
(१) श्री.....................................

कार्यक्रम प्रतिनिधीको नामः
ठेगानाः
दस्तखतः
मितिः
साक्षीः
(१).....................................

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

अनुसूची –४

(दफा ६ उपदफा (६) संग सम्बन्धित)

## निर्माण समिति र लाभग्राही बीच गरिने सम्झौता पत्र

१. सम्झौता गर्ने पक्षहरुः..........................................निर्माण समिति ................................ लाभग्राही।

२. कार्यक्रम स्थलः- जिल्ला.......................गाँउपालिका नगरपालिका...............................वडा नं.............

३. उद्देश्यः- आवास निर्माण।

४. कुल लागतः–...........................................................(लाभग्राहीको सहभागिता वापतको अंश समेत)

५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधिः

क) शुरु हुने मितिः२०....................

ख) पुरा हुने मितिः२०......................सम्म

६. खर्च व्यहोर्ने श्रोतः–

क) निर्माण समितिले कार्यालय – कार्यक्रम कार्यान्वयन एकाइ कार्यालयसँग गरेको सम्झौता बमोजिम हुनेछ।

७. सम्झौताकाशर्तहरुः

क) स्वीकृत नाप नक्शा अनुसारको आवास निर्माण गर्नु पर्नेछ।

ख) निर्माण स्थल क्षेत्रमा रहेका संरचनाहरु भत्काउन र साथै सो बापत लाग्ने खर्च समेत व्यहोर्न घरधनी मंजुर छ।

सम्झौताका पक्षहरुः

निर्माण समितिको तर्फबाट

संयोजकः.......................................

ठेगानाः.......................................

दस्तखतः.......................................

मितिः.......................................

साक्षीः.......................................

(१) श्री शहरी विकास तथा भवन कार्यालयको प्रतिनिधी

लाभग्राहीको तर्फबाट

लाभग्राहीकोनामः.......................................

ठेगानाः.......................................

दस्तखतः.......................................

मितिः.......................................

साक्षीः.......................................

(१) श्री.........................

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा